म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष:१४ अङ्क:- ८७ २०७९ फगुन ४ गते बिहीबार 16 February 2023, Thursday - पृष्ठ ४ मूल्य रू. ५/-




## एसईई अभ्यास परीक्षामा अनुपस्थित विद्यार्थी उल्लेख्य



*परीक्षामा सहभागी विद्यार्थीहरु (फाईल तस्वीर)*

जमुना थिङ

हेटौंडाः हेटौंडा उपमहानगर क्षेत्रका सामुदायिक विद्यालयहरुमा गत बिहीबार देखि सुरु भएको माध्यमिक शिक्षा परीक्षा (एसईई) अभ्यास परीक्षामा अनुपस्थित हुने विद्यार्थीको संख्या उल्लेख्य रहेको छ । शुक्रबारसम्म सञ्चालन हुने एसईई अभ्यास परीक्षामा कक्षा १० मा भर्ना भएका विद्यार्थीमध्ये अनुपस्थित हुने विद्यार्थीको संख्या उल्लेख्य पाइएको हो ।

हेटौंडा–२ स्थित सिद्वार्थ माध्यमिक विद्यालयमा बीचैमा पढाइ छाडेका १३ जना विद्यार्थीले एसईई अभ्यास परीक्षामा सहभागी जनाएका छैनन् । नगरस्तरीय शैक्षिक समन्वय समितिका अध्यक्ष सागर खतिवडाका अनुसार माध्यमिक शिक्षा परीक्षा (एसईई) परीक्षामा सहभागी हुन आवेदन फारम भरेका सबै विद्यार्थी उपस्थित भएका छन् । उहाँले नियमिततर्फ एक सय ८४ र खुलातर्फ ५८ जना विद्यार्थी उपस्थित भएको बताउनुभयो ।

हेटौंडा–१६, हटियामा रहेको जनप्रिय माध्यमिक विद्यालयमा २८ जना विद्यार्थी एसईई अभ्यास परीक्षामा अनुपस्थित भएका छन् । माध्यमिक शिक्षा परीक्षा (एसईई)मा सहभागी हुन आवेदन फारम भरेका ३ जना विद्यार्थी नै परीक्षामा अनुपस्थित भएको जनप्रिय माध्यमिक विद्यालयका शिक्षक नमराज अर्यालले जानकारी दिनुभयो । उहाँका अनुसार आवेदन फारम नभरेका विद्यार्थीले एसईई अभ्यास परीक्षामा सहभागी जनाएका छैनन् ।

बीचैमा पढाइ छोडेका २५ जना विद्यार्थीले एसईई अभ्यास परीक्षामा सहभागी नजनाएका हुन् । जनप्रिय माविबाट एसईईमा सहभागी हुन आवेदन फारम १ सय २२ जना विद्यार्थीले भरेको उहाँले जानकारी दिनुभयो । आवेदन फारम भरेकामध्ये १ सय १९ जना विद्यार्थी एसईई अभ्यास परीक्षामा सहभागी भएको शिक्षक अर्यालले बताउनुभयो । आर्थिक समस्या तथा बसाईंसराईंका कारण बीचैमा पढाइ छाड्ने विद्यार्थीको संख्या उल्लेख्य रहेको उहाँको भनाइ छ ।

यसैगरी, हेटौंडा–१, चाइनाक्वाटर स्थित अमर माध्यमिक विद्यालयमा बीचैमा पढाइ छाडेका २ जना विद्यार्थीले एसईई अभ्यास परीक्षामा सहभागी जनाएका छैनन् । अमर माध्यमिक विद्यालयका प्रधानाध्यापक मालती उप्रेतीका अनुसार एक जनाले बिहे गरिसकेको र एक जना वैदेशिक रोजगारको क्रममा विदेशिएका कारण परीक्षामा सहभागी भएका छैनन् । अमर माविमा ५१ जना विद्यार्थी भर्ना भएकामा परीक्षा आवेदन फारम भरेका ४९ जना विद्यार्थी एसईई अभ्यास परीक्षामा सहभागी भएको उहाँले बताउनुभयो ।

हेटौंडा–४ स्थित भूटनदेवी माध्यमिक विद्यालयमा १० जना विद्यार्थीले एसईई अभ्यास परीक्षामा सहभागी जनाएका छैनन् । एसईईमा सहभागी हुन परीक्षा आवेदन फारम भरेका २ सय ८ जनामा २ सय जनाले एसईई अभ्यास परीक्षा दिएको भूटनदेवी माध्यमिक विद्यालयका सहायक प्रधानाध्यापक भरत पोखरेलले जानकारी दिनुभयो । उहाँका अनुसार सहभागी आवेदन फारम भरेका ८ जना विद्यार्थी नै एसईई अभ्यास परीक्षामा अनुपस्थित भएका छन् । बीचैमा पढाइ छोडेर आवेदन फारम नभरेका २ जना विद्यार्थी पनि परीक्षामा सहभागी छैनन् । बिरामी भएका कारण आवेदन फारम भरेका विद्यार्थी परीक्षामा अनुपस्थित भएको उहाँको भनाइ छ ।

यसैगरी, हेटौंडा–४ कै आधुनिक राष्ट्रिय माध्यमिक विद्यालयमा एक जना विद्यार्थी एसईई अभ्यास परीक्षामा अनुपस्थित भएका छन् । एसईई परीक्षा आवेदन भरेकै विद्यार्थी बिरामी भएर अभ्यास परीक्षामा अनुपस्थित भएको आधुनिक राष्ट्रिय माध्यमिक विद्यालयका परीक्षा शाखा प्रमुख कृष्णगोपाल श्रेष्ठले बताउनुभयो । उहाँका अनुसार भर्ना भएका २ सय ६० जना विद्यार्थीमध्ये २ सय ५९ जनाले एसईई आवेदन फारम भरेका थिए ।

हेटौंडा उपमहानगर क्षेत्रका २४ वटा विद्यालयसँगै मकवानपुरगढी गाउँपालिकाका १० र मनहरी गाउँपालिकाको एउटा विद्यालयहरुमा एसईई अभ्यास परीक्षा सञ्चालन भइरहेको छ । ३५ वटा विद्यालयमा सञ्चालन भएको एसईई अभ्यास परीक्षामा दुई हजार एक सय ३२ जना विद्यार्थीका लागि प्रश्नपत्र र उत्तर पुस्तिका तयार पारिएको नगरस्तरीय शैक्षिक समन्वय समितिले जनाएको छ । अभ्यास परीक्षामा सहभागी विद्यार्थी संख्या नै यकिन नगरी भर्ना भएका विद्यार्थी संख्याको आधारमा तयार पारिएका प्रश्नपत्र र उत्तरपुस्तिका प्रयोगविहीन भएका छन् ।

हेटौंडा उपमहानगर क्षेत्रका २४ वटा विद्यालयका एक हजार ९ सय विद्यार्थी परीक्षामा सहभागी जनाउने गरी प्रश्नपत्र र उत्तरपुस्तिका तयार पारिएको अवस्थामा उल्लेख्यरुपमा अनुपस्थित विद्यार्थी संख्याका कारण प्रश्नउत्तर प्रयोगविहीन भएका हुन् । हेटौंडा उपमहानगरका २८ वटा सामुदायिक विद्यालयमध्ये हेटौंडा–३, लेवटस्थित बालउज्ज्वल मावि, हेटौंडा–६, चौघडास्थित वंशगोपाल मावि, हेटौंडा–१४ स्थित जनज्योति मावि र हेटौंडा–१५, चुरियामाईस्थित चुरियामाई मावि नगर स्तरीय शैक्षिक समन्वय समितिले सञ्चालन गरेको परीक्षामा सहभागी छैनन् । पठनपाठन भएको पाठको तालमेल नमिलेका कारण आफ्नै अनुकूलतामा परीक्षा सञ्चालन गर्ने योजना बनाएकाले ४ वटा विद्यालय नगरस्तरीय शैक्षिक समन्वय समितिको प्रश्न प्रयोग नगरेको अध्यक्ष खतिवडाले जानकारी दिनुभयो ।

मकवानपुरगढी गाउँपालिकाका १० वटा विद्यालयबाट दुई सय ४८ जना विद्यार्थी परीक्षामा सामेल हुने र मनहरी गाउँपालिकाको महेन्द्रज्योति माविका ४४ जना विद्यार्थी अभ्यास परीक्षामा सहभागी हुने बताइएको छ । तर, बीचैमा पढाइ छाडेका तथा परीक्षामा सामेल नहुने विद्यार्थीको संख्या समितिलाई जानकारी नभएको अध्यक्ष खतिवडाले जानकारी दिनुभयो । यसअघि निजी विद्यालयले माघ १५ गतेदेखि नै एसईई अभ्यास परीक्षा सञ्चालन गरेका थिए । राष्ट्रिय परीक्षा बोर्डले आगामी चैत १७ गतेदेखि एसईई परीक्षा सञ्चालन गर्ने गरी परीक्षा तालिका सार्वजनिक गरिसकेको छ ।

### मकवानपुर गोल्डकप-२०७९

## एभिनिर एफसी क्यामरुन सेमिफाइनलमा




समाज संवाददाता

हेटौंडाः पाँचौं संस्करणको स्थानीय तह शहीद स्मृति अन्तर्राष्ट्रिय मकवानपुर गोल्डकप फुटबल प्रतियोगितामा एभिनिर एफसी क्यामरुन सेमिफाइनलमा प्रवेश गरेको छ । बुधबार भएको पहिलो क्वाटरफाइनल खेलमा वीरगञ्ज युनाइटेडलाई २-० गोलअन्तरले हराउँदै एभिनिर एफसी क्यामरुन सेमिफाइनलमा प्रवेश गरेको हो ।

हेटौंडा-५ स्थित पिप्ले-क्याम्पा रंगशालामा भएको खेलमा एभिनिरको जितका लागि क्याप्टेन युनिक ओनाले र सावाले गोल गरे । खेलको म्यान अफ द म्याच वीरगञ्ज युनाइटेडका उमेश कार्की घोषित भए । उनले नगद १० हजार रुपैयाँ प्राप्त गरेका छन् । एभिनियरका लागि कप्तान यानिक योआनाले ३९ औँ मिनेटमा पहिलो गोल गरे । पहिलो हाफमा बीरगन्ज युनाइटेडले खेलमा सन्तुलन कायम राखेको थियो । यद्यपि पहिलो हाफ १-० ले पछि परेको बीरगन्जविरुद्ध ७४ औँ मिनेटमा साबाले गोल गर्दै सहज जितको आधार तयार पारे ।

वीरगञ्जले दोस्रो हाफमा सुधारिएको खेल प्रदर्शन गरे पनि हार टार्न सकेन ।

दोश्रो क्वाटरफाइनल खेलमा आज बिहीबार त्रिभुवन आर्मी क्लब र नेपाल एपीएफबीच प्रतिस्पर्धा हुनेछ । प्रतियोगिताको फाइनल खेल फागुन १० गते हुनेछ । प्रतियोगितामा १२ वटा टिम सहभागी छन् ।

प्रतियोगिताको उपाधि विजेताले १५ लाख रुपैयाँ र उपविजेताले १० लाख रुपैयाँ प्राप्त गर्नेछ । प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडीले नगद ५० हजार रुपैयाँ प्राप्त गर्नेछन् भने विधागत उत्कृष्ट खेलाडीहरुले २५-२५ हजार रुपैयाँ प्राप्त गर्नेछन् ।






# सम्पादकीय

## सामूहिक प्रयास आवश्यक

मकवानपुर जिल्लामा लागूऔषधको कारोबार बढ्दै गएको देखिन्छ । दिनहुँजसो लागूऔषधसहित ओसारपसारमा संलग्न व्यक्तिहरु पक्राउ पर्नुले यसलाई पुष्टि गर्दछ । तराईबाट हेटौंडा प्रवेश गर्ने मुख्य नाका रातोमाटे चेकपोष्ट र बसपार्क क्षेत्रबाट धेरैजसो लागूपदार्थसहित ओसारपसारमा संलग्न व्यक्तिलाई प्रहरीले पक्राउ गर्ने गरेको छ । लागूऔषधको समस्या विश्वव्यापी छ । विश्वलाई नै आक्रान्त पारिरहेको लागूऔषध ओसारपसार रोकथामका लागि नेपाल प्रहरीले सक्रियता पनि देखाइरहेको छ । तर, दिनहुँ लागूऔषधसहित विभिन्न व्यक्ति पक्राउ परेका समाचारले प्रहरीको सक्रियताले पूर्ण सफलता पाउन नसकेको देखिन्छ । नेपाल-भारतबीच रहेको खुला सीमा लागूपदार्थ ओसारपसारका लागि सहयोगी बनिरहेको छ । नेपालबाट गाँजा, चरेस, अफिमजस्ता लागूऔषध भारत जाने र भारतबाट सेतो/खैरो हेरोइनका साथै लागूऔषध दुव्यर्सनीले प्रयोग गर्ने नुर्फिन, डाइजेपाम, लुप्रिजेसिक, फेनारगन, कोरेक्सजस्ता ट्याब्लेट र सिरप अत्यधिक मात्रामा भित्रिने गरेको छ ।

मकवानपुर तथा धादिङ जिल्लाका दुर्गम क्षेत्रमा उत्पादन हुने गाँजा, चरेस तथा अफिम हेटौंडा हुँदै भारत जाने र वीरगञ्ज नाकाबाट नेपाल भित्रने लागूऔषधहरु हेटौंडा हुँदै राजधानी काठमाडौं तथा देशका अन्य भागमा जाने हुँदा हेटौंडामा लागूऔषध कारोबारमा संलग्नहरु दिनहुँ पक्राउ पर्ने गरेका छन् । मंगलबारको यसै दैनिकको पहिलो पृष्टमा लागूऔषधसम्बन्धी ३ वटा समाचार प्रकाशित भयो । ती समाचारमध्ये दुईवटा लागूऔषधसहित व्यक्ति पक्राउ परेको थियो भने एउटा लागूऔषध सेवन गरी कुटपिट गरिएको समाचार थियो । पूर्व-पश्चिम राजमार्गअन्तर्गत् मकवानपुरको मनहरी गाउँपालिका-९, ज्यामिरेमा रोकी राखेको कन्टेनर ट्रकबाट सशस्त्र प्रहरीले १५८ केजी लागूऔषध गाँजा बरामद गरेको छ । प्रहरीले गाँजासहित ट्रक र ट्रकका सहचालकलाई नियन्त्रणमा लिएको छ । उक्त ट्रक मकवानपुरको थाहा नगरपालिकाबाट आएको प्रहरीको भनाई छ । यस्तै, लागूऔषधसहित हेटौंडा-६, गौरीटारका ३२ वर्षीय युवालाई प्रहरीले पक्राउ गरेको छ । विशेष सूचनाको आधारमा उनकै घरमा नाइट्रोभेट ३० ट्याब्लेट र गाँजा २ केजी ९ सय ग्राम फेला परेपछि प्रहरीले पक्राउ गरेको हो । यसैगरी, हेटौंडा-१८, मानेडाँडामा लागूऔषध सेवन गरी छिमेकीलाई कुटपिट गर्ने २५ वर्षीय युवालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ परेका ती युवाका साथबाट प्रहरीले लागूऔषध नाइट्रोभेट २४ ट्याब्लेटसमेत फेला पारेको छ ।

लागूऔषध ओसारपसार र सेवनमा अधिकांश युवाहरुको संलग्नता देखिने गरेको छ । लागूऔषध दुर्व्यसनका कारण देशका युवापुस्ता नै बेकम्मा हुने सम्भावना रहन्छ । लागूऔषध र यसको दुर्व्यसनले समाजमा विभिन्न नकारात्मक प्रभाव पर्दछ । किन र के कारणले लागूऔषधको कारोबार फस्टाइरहेको छ भन्ने विषयमा अनुसन्धान आवश्यक छ । बढ्दो लागूऔषध ओसारपसार र दुर्व्यसनका कारण व्यक्ति, समाज तथा देशलाई पर्ने असरको बारेमा जनस्तरसम्म सचेतना दिनु आवश्यक छ । लागूऔषध नियन्त्रण गर्ने चेतनामूलक कार्यक्रमका साथसाथै कडा कानुनी कारबाही सँगसँगै अघि बढाउनुपर्छ । लागूऔषधको समस्यालाई दीर्घकालीन समाधानका लागि विशेष नीति बनाएर कार्यान्वयन गर्नुपर्छ ।

लागूऔषध उत्पादन, ओसारपसार, बिक्री वितरण र सेवनको समस्या एउटा देशको मात्र होइन । विश्वका अधिकांश देश लागूऔषध दुर्व्यसनको समस्याबाट प्रभावित भइरहेको छ । यसकारण लागूऔषधको समस्या समाधानका लागि विश्वका सबै देशहरु गम्भीर बन्नुपर्छ । नेपाल र भारतबीचको खुला सीमाका कारण लागूऔषध ओसारपसार सहजै भइरहेका कारण यी दुई देशका सरकार थप गम्भीर हुनुपर्छ । नेपाल-भारतबीच हुने लागूऔषध ओसारपसार नियन्त्रणका लागि दुबै देशका सरकार र सुरक्षा निकायले थप सक्रियता देखाउनुपर्छ । लागूऔषध नियन्त्रणका लागि प्रहरीमात्र सक्रिय भएर पनि हुँदैन । यसका लागि सामूहिक प्रयास आवश्यक पर्दछ । लागूपदार्थ उत्पादन, ओसारपसार, बिक्री वितरण र सेवन सबै चरणमा नियन्त्रण आवश्यक छ, जसका सबैको सामूहिक प्रयास हुनुपर्छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | फापरबारी इलाका ६२१९८० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | चित्लाङ इलाका ६२१००० |
| ट्राफिक प्रहरी १०३ | वारुण यन्त्र १०१ |
| वडा प्रहरी ५२०२९९ | बालबालिका खोजतलास केन्द्र १०४ |
| पशुपतिनगर इलाका ५२०५९८ | बाल हेल्पलाइन १०९८ |
| मनहरी इलाका ९८५५०९०१६१ | हेलो सरकार ११११ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल टेलिकम सोधपुछ १९७ |
| पालुङ इलाका ६२०४६७ | |

## तपाईको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडीकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

| | |
|---|---|
| **मेष** | : लेनदेन रकारोबारमा विवाद आउने समय छ । |
| **वृष** | : आत्मबल र पराक्रममा वृद्धि हुने समय योग छ । |
| **मिथुन** | : सामाजिक र नोकरीबाट सम्मान प्राप्त हुने समय छ । |
| **कर्कट** | : अध्यात्म र दर्शन प्रति मन आकर्षित हुने समय छ । |
| **सिंह** | : अयज र सवधानी अपनाउँदा राम्रो होला । |
| **कन्या** | : यात्रा योग र धनव्यय पनि रहला । |
| **तुला** | : वादविवाद र झै-झगडासँग बच्दा राम्रो । |
| **वृश्चिक** | : सहयोगीले काममा साथ दिने समय छ । |
| **धनु** | : परिश्रमले लाभ प्राप्त हुने समय योग छ । |
| **मकर** | : धार्मिक काममा मन जाने समय देखिन्छ । |
| **कुम्भ** | : सामाजिक काममा संलग्न भई प्रतिष्ठा वृद्धि । |
| **मीन** | : सामाजिक र धार्मिक यात्रा योग हुने समय छ । |

# आपराधिक दायित्वको सिद्धान्तको आधारमा अपराध



✍अधिवक्ता ऋषि के.बी.

**फौजदारी दायित्वः**

दायित्व कर्तव्य वा जिम्मेवारी हो । कुनै काम गर्नुपर्नेमा नगरेमा र नगर्नुपर्ने काम गरेमा परिणामस्वरुप बहन गर्नुपर्ने जिम्मेवारीलाई दायित्व भनिन्छ । फौजदारी कानुन र न्यायमा आपराधिक दायित्वको महत्वपूर्ण स्थान रहेको हुन्छ । दायित्वको विषयलाई अलग्याउने हो भने फौजदारी कानुन निस्क्रिय र बिना अर्थको बन्छ । आपराधिक दायित्व भन्नाले जब एक व्यक्तिले कानून तोड्छ तब त्यस कार्यका लागि कानूनीरूपमा उसलाई जिम्मेवार ठहराउन सकिन्छ भन्ने हो ।

बिधिशास्त्री साल्मोण्डका अनुसार दायित्व आवश्यकताको त्यो बन्धन हो, जो कसूरदार र कसूरको उपचारको बीचमा निहित रहन्छ ।

अर्का कानुनविद् असबर्नले कानुन उल्लंघन गरी कुनै गल्ती गर्ने व्यक्ति उक्त कार्यका लागि जिम्मेवार हुन्छ भनेका छन् । फौजदारी कानुनका मान्यताहरु उल्लंघन गर्नु अर्थात कानुनी कर्तव्य पूरा नगर्नु र त्यसको नतिजास्वरुप कानुनी परिणाम भोग्नुपर्ने अनिवार्य न्यायिक बन्धन नै फौजदारी दायित्व हो। साधारण भाषामा भन्नुपर्दा जसले गल्ती वा कसूर वा अपराध गर्दछ, उसलेनै आफ्नो गल्ती वा कसूर वा अपराधप्रति जिम्मेवार वा उत्तरदायी हुनुपर्दछ। यसरी फौजदारी दायित्वको सिर्जना हुन्छ। फौजदारी कानुनको बर्खिलाप जाादा उत्पन्न हुने परिस्थिति फौजदारी दायित्व हो ।

'कानुनको अज्ञानता क्षम्य हुँदैन' भन्ने सिद्धान्त अनुरुप कानुनतः अधिकारको बारेमा जानकार सक्षम व्यक्तिले कानुनी कर्तव्यबाट आफूलाई अलग्याउन मिल्दैन । कानुन जानेको हुनुपर्दछ । कानुनी व्यवस्था थाहा नभएको भन्ने कुरा पुष्टि गर्न नसकिने भएकोले अदालतले कानुन जानेकै हुन्छ भन्ने अनुमान गर्दछ र फौजदारी दायित्वप्रति उसलाई आवश्यक कानुन बमोजिम सजायको हकदार मान्दछ ।

अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधानको धारा २५ मा व्यक्तिगत फौजदारी दायित्वसम्बन्धी व्यवस्था रहेको छ । जसमा विधानअनुसार अदालतलाई प्राकृतिक व्यक्तिहरूउपर अधिकारक्षेत्र र हने, अदालतको अधिकार क्षेत्रअन्तर्गतको अपराध गर्ने व्यक्ति यस विधानअनुसार सजायका लागि व्यक्तिगतरूपमा उत्तरदायी र भागी हुनेछ भनेर व्यवस्थाहरु गरेको पाइन्छ ।

त्यस्तै, नेपाल कानुन पत्रिका (नेकाप) २०७८, असोज महिना, अंकः ६, निर्णय नं. १०६७९ (वैदेशिक रोजगार कसुर मुद्दामा सर्वोच्च अदालत कुनै अपराधमा आरोपित व्यक्तिको संलग्नता प्रमाणले जुन तहसम्म पुष्टि गर्दछ सोही तहसम्मको कानूनले तोकेको सजाय कसुरदारले भोग्नुपर्ने भनेर दायित्व र दायित्वको सजायको हदबारे उल्लेख गरेको पाइन्छ ।

**आपराधिक दायित्व निम्न अनुमानहरुमा आधारित छः**

– सामान्यतया मानिसलाई नैतिक (जिम्मेवार) प्रतिनिधिको रूपमा हेरिन्छ । र, उसलाई आफ्नो कार्यप्रति जिम्मेवार मानिन्छ ।

– यसको मतलब मानिस कारक हुन सक्षम छ ।

– उ सामाजिक र कानुनी कुरा बुझ्न सक्षम छ ।

– उसँग स्वतन्त्र इच्छा छ ।

– यसरी उसले आफ्नो कार्य नियन्त्रण गर्न सक्छ र कानुन सम्मत रहे/नरहेको छुट्याउन सक्छ ।

– मानिस जिम्मेवार हुन्छ किनकि उस्को कार्यसम्बन्धी कारण वा उद्देश्य, नियन्त्रण र छनौटको सक्षमता हुन्छ ।

फौजदारी दायित्वको बारेमा छलफल गर्नु भन्दा पहिले अपराधका तत्वहरुको बारेमा सामान्य जानकारी राख्नु जरुरी हुन्छ ।

फौजदारी अपराधका तत्वहरुमा उल्लेखित दुई तत्वहरु मुख्य रहेका हुन्छन्:

क) आपराधिक कार्यः आपराधिक कार्यको अर्थ निषेधित फौजदारी कानूनद्वारा निषेधित मानव आचरण (कार्य, बहिष्कार, राज्य मामिला र कब्जा) बुझिन्छ । यो आचरण वा कार्य हो जुन शारीरिक रूपमा देखिने र उपस्थिति आवश्यकता हुन्छ । फौजदारी दायित्वको आधारमा हुने अपराधको वर्गीकरण सबैमा यो तत्व आवश्यक मानिन्छ ।

र, ख) आपराधिक मनसायः यो व्यक्तिको कसुर गर्दाको मानसिक अवस्थाको वर्णन गर्न प्रयोग गरिने कानुनी शब्द हो । यसले आपराधिक अभिप्रायलाई जनाउँछ । ल्याटिन शब्दबाट आएको यसको शाब्दिक अर्थ 'दोषी दिमाग' हो । आपराधिक मनसाय कुनै विशेष अपराधको विशेष प्रतिवादीलाई सजाय दिनको लागि वैधानिक रूपमा आवश्यक पर्ने मानसिक अवस्थालाई जनाउँछ ।

फौजदारी दायित्वको आधारमा निम्नानुसार अपराधको वर्गीकरण गर्न सकिन्छ ।

क) सापेक्ष दायित्व अन्तर्गतका अपराधहरुः सापेक्ष दायित्व अन्तर्गतको अपराध भन्नाले आपराधिक कार्य र आपराधिक वा दुषित मनसाय दुवै अनिवार्य रूपमा आवश्यक हुन्छ । यस अन्तर्गत मनसाय तत्वलाई आपराधिक कार्यसाग अनिवार्य जोडेर हेरिन्छ । मानसिक रुपमा पागल भएका व्यक्ति वा नाबालकबाट हुन जाने अपराधका लागि दूषित मनसायको अभावमा दायित्वबाट उन्मुक्ति दिइन्छ । ज्यानसम्बन्धी कसूर, चोरी, जस्ता अपराधहरु यस सापेक्ष दायित्व अन्तर्गत अपराधहरु हुन् ।

ख) निरपेक्ष दायित्व अन्तर्गतका अपराधहरुः यस अन्तर्गत जब आपराधिक दायित्व सृजना हुन आपराधिक कार्य नै मात्र भएनि हुन्छ । आपराधिक वा दूषित मनसाय नभएपनि हुने खालका अपराध निरपेक्ष दायित्व अन्तर्गतका अपराध हुन् । मुलुकी अपराध संहिता, २०७४ को दफा २९ मा निरपेक्ष दायित्व (स्ट्रीक्ट लायविलिटि) हुने कसूरमा आपराधिक मनसाय परीक्षण नहुनेः यस ऐन वा कानून बमोजिम निरपेक्ष आपराधिक दायित्व हुने कसूरमा त्यस्तो कसूर मनसायपूर्वक गरेको हो वा होइन भन्ने कुरा परीक्षण हुने छैन भन्ने कानुनी व्यवस्था रहनुले पनि आपराधिक कार्य नै अपराध पुष्टि हुन र सोका लागि दायित्व सृजना हुने कुरामा स्पष्ट हुन सकिन्छ । उदाहरणका लागि, गाली बेइज्जती, मानहानी हुने गरी लेख लेख्ने र प्रकाशित गर्ने लेखकको आपराधिक मनसाय अर्थात नियत खराब थियो भनी प्रमाणित गरिरहनु पर्दैन । कसैले कसैलाई ताकेर गोली प्रहार गर्दछ भने आपराधिक कार्यनै फौजदारी दायित्व बहन गर्न पर्याप्त हुन्छ ।

ग) परदायित्व अन्तर्गतका अपराधहरुः एक व्यक्ति वा कुनै अपराधका लागि अन्य व्यक्ति दोषी हुनु परदायित्व अन्तर्गतका अपराध हो । कतिपय विशेष अवस्थामा एक व्यक्तिले गरेको कार्यका लागि अर्को व्यक्ति फौजदारी दायित्व बहन गर्नुपर्ने स्थितिमा रहन्छ । सन् १७३० मा बेलायतमा दुष्कृतिसम्बन्धी कानुनमा हगिंग्सको मुद्दामा परदायित्वको सिद्धान्तलाई मान्यता दिएको थियो ।

सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१ (५) मा कुनै सवारीको धनी वा सवारी जिम्मा लिएको व्यक्तिले चालक अनुमतिपत्र नभएको व्यक्तिलाई सवारी चलाउन दिई कुनै मानिसलाई किची, ठक्कर लागि वा दुर्घटना भई सो मानिस मर्न गएमा त्यस्तो सवारी चलाउन दिने व्यक्तिलाई दुई वर्षसम्म कैद हुनेछ भन्ने कानुनी व्यवस्थाबाट परदायित्व अन्तर्गतका अपराधको एक उदाहरणको रुपमा बुझ्न सकिन्छ ।

घ) अपूर्णदायित्व अन्तर्गतका अपराधहरुः एक व्यक्ति अपूर्ण अपराधका लागि समेत जिम्मेवार छ । आपराधिक उत्तेजनाको कसुरमा, आपराधिक षड्यन्त्र र आपराधिक प्रयासको कर्मको सजाय हुनुपर्छ भन्ने फौजदारी न्यायको सिद्धान्तसमेत हो । अपूर्णदायित्व अन्तर्गत अपराधलाई तीन प्रकारमा वर्गीकरण गरिएको छः उत्प्रेरणा, आपराधिक षड्यन्त्र र प्रयास । केहि गलत वा वारदात गर्न प्रोत्साहन वा सहयोग गर्नु, सह–क्रियाकलाप र समर्थन अपूर्णदायित्व अन्तर्गतका अपराध हुन् । पूर्ण अपराधको परिणाम नआएको अवस्थामा उद्योग सम्बन्धी कसूर अपूर्णदायित्व अन्तर्गतका अपराध अन्तर्गत पर्दछ । अपराध परिणाममुखी हुन सक्छ भने आचरणसाग सम्बन्धित अपराध पनि हुन सक्छ । अपहरणको तयारी, कुनै तेस्रो व्यक्तिको अवरोध वा कुनै अन्य कारणले करणी, हत्या, चोरी, जस्ता अपराधले पूर्णता नपाएको अवस्था, बिध्वङ्सात्मक वा आतंकवादी कार्यको तयारी, झुठा प्रमाण पेश गर्ने वा झुठा बकपत्र गर्ने, जस्ता कार्यहरुमा पनि फौजदारी दायित्व बहन गर्नुपर्ने हुन्छ ।

फौजदारी दायित्वको सम्बन्धमा बुझ्न सर्वोच्च अदालतको निम्न नजिर सिद्धान्त अध्ययन गर्नु उपयुक्त हुन्छ ।

नेपाल कानुन पत्रिका २०७४, कार्तिक महिना, अंकः ७, निर्णय नं. ९८४४ (कर्तव्य ज्यान, ज्यान मार्ने उद्योग मुद्दामा सर्वोच्च अदालतले "फौजदारी दायित्वको वर्गीकरणअन्तर्गत मनसाय सापेक्ष दायित्व एक हो । जसमा आपराधिक कार्य र आपराधिक मनसाय दुवैको समायोजनमा हुने अपराधहरू मनसाय सापेक्ष दायित्व हुन् । तर निरपेक्ष दायित्व यसको अपवाद हो । आपराधिक मनसायबिना गरेको कार्य अपराध हुँदैन भन्ने फौजदारी दायित्वको सर्वमान्य सिद्धान्तसमेत रहेको पाइन्छ । मानसिक विचलन भएको अथवा मानसिकरुपमा अस्वस्थ भएको व्यक्तिले गरेको आपराधिक कार्यमा आपराधिक दायित्वबाट उन्मुक्तिको प्रतिरक्षाको आधार बन्दछ । यसको कारण उसले गरेको कार्य या त उसले आफूले गरिरहेको छु भन्ने जानकारी राख्दैन या त आफूले गरेको कार्य गलत हो भन्ने जानकारी राख्दैन । यसैकारण स्वतन्त्र इच्छा र स्वायत्त सोचबाट निजले काम गरेको हुादैन भन्ने मान्यता सर्वत्र स्वीकार्य विषय बनेको पाइने ।

विवेक प्रयोग गर्न सक्ने, आफूले गरेको कार्यको जिम्मेवारी बहन गर्न सक्ने व्यक्तिले पूर्वयोजना बनाई स्वतन्त्र इच्छाबाट, स्वायत्त किसिमको स्वेच्छापूर्वक गरेको आपराधिक कार्यमा मात्र दायित्ववान् बनाउन सकिने । (प्रकरण नं. ५) भन्ने नजिर सिद्धान्त प्रतिपादित गरेको पाइन्छ ।

**निष्कर्ष**

हाम्रो समाजमा धेरै विकृतिहरू छन्, जसमध्ये एउटा अपराध हो । समाजको अभिन्न अंगको रुपमा अपराध परापूर्वकालदेखि वर्तमानसम्म रहिरहेकै छ । समय र परिस्थितिसागै अपराधको स्वरुप पनि परिवर्तन भइरहेको छ । समाजको शान्ति खलल पुऱ्याउने, बैयक्तिक हक अधिकार हनन् हुने, गतिविधिहरु जसलाई कानुनी व्यवस्था अन्तर्गत कानुनको उल्लंघन गरेको मानिन्छ । उक्त कार्य वा अपराध गर्ने व्यक्ति सो कार्य वा अपराधको लागि जिम्मेवार हुन्छ र सजायको भागीदार बन्छ ।

*email:*
*sshetauda@gmail.com*
*(लेखक जिल्ला बार एसोसिएसनका निवर्तमान अध्यक्ष हुनुहुन्छ ।)*

# शिक्षा अनिवार्य र निःशुल्क कि वितरणमुखी ?



✍जमुना थिङ

कानुनीरुपमा आधारभूत तहसम्मको शिक्षालाई अनिवार्य र निःशुल्क एवम् माध्यमिक तहसम्मको शिक्षालाई निःशुल्क गरिएको छ । शिक्षालाई सर्वव्यापी, जीवनोपयोगी, प्रतिस्पर्धी एवम् गुणस्तरयुक्त बनाउन स्थानीय तहले अनिवार्य र निःशुल्क शिक्षालाई जोड दिनुपर्ने बताइरहेका छन् । अनिवार्य र निःशुल्क शिक्षा कार्यान्वयनमा आउन नसकेको अवस्थामा बागमती प्रदेशको राजधानी हेटौंडालाई शैक्षिक हब बनाउने प्रतिबद्धताहरु आएका छन् । स्थानीय तहको निर्वाचन र प्रदेश तथा प्रतिनिधिसभाको निर्वाचनका क्रममा उम्मेदवारहरुको मुख्य नारा नै हेटौंडालाई शैक्षिक हबको रुपमा विकास गर्ने थियो । तर, नयाँ शैक्षिक सत्र आउन २ महिनामात्र बाँकी हुँदा अनिवार्य र निःशुल्क शिक्षा कार्यान्वयनमा आउन सकेको छैन । शिक्षालाई अनिवार्य र निःशुल्क होइन, शैक्षिक सुधारको नाममा शिक्षालाई वितरणमुखी बनाइएको छ ।

कठ्याङ्ग्रो जाडो मौसममा कतिपय विद्यार्थीलाई न्यानो कपडाको आवश्यकता थियो । संघसंस्थाले बाँडेका न्यानो कपडा केही विद्यार्थीले लगाएका छन् । केहीले किनेर त केहीले पतालो टिसर्ट लगाएर नै विद्यालय धाइरहे, जाडोमा । विद्यालयहरुमा बुझ्दा विद्यार्थीलाई सधैं विद्यालय पोशाक आवश्यक रहेछ । तर पत्रपत्रिका, अनलाइनहरुमा जाडोयाममा विद्यार्थीलाई न्यानो कपडा वितरण भनेर हेडलाइन बनाइएका छन् । जसले निरन्तरता पाइरहेको छ । देखासिकी भनौं या मनकारी भनौं, हेटौंडा–२

...बाँकी पृष्ठ ३ मा

# 'सामुदायिक वन भित्र सिकारीहरु आउने गरेका छन्'

**वन संरक्षण र विकासको अभियानमा सामुदायिक उपभोक्ता समूहको उल्लेखनीय कार्य भएको छ । वन क्षेत्रको संरक्षणमा सामुदायिक वन उपभोक्ता समूहको योगदानको तुलना लाभको अवसर लिन नसकेको बताउँदै आएका छन् । वन क्षेत्रलाई बहुपक्षीयरुपमा लाभ लिन सकिने बताइँदै आए पनि यसतर्फ सरोकारवालाको ध्यान जान सकेको छैन । वनको विकास र विस्तारसँगै मानव-वन्यजन्तुको द्वन्द्व पनि बढ्दो क्रममा छ । वन क्षेत्रको विकास र विस्तारको अभियानमा क्रियाशील हेटौंडा-१०, न्युरेनीस्थित भुटनदेवी सामुदायिक वन उपभोक्ता समूहका अध्यक्ष सोमबहादुर लामासँग समृद्ध समाज दैनिकका सम्पादक सुरेश श्रेष्ठले गर्नुभएको कुराकानी:**



**सोमबहादुर लामा**
**अध्यक्ष, भुटनदेवी सामुदायिक वन उपभोक्ता समूह**
**हेटौंडा-१०, न्यूरेनी**

**समाज: भुटनदेवी सामुदायिक वन उपभोक्ता समुहको अहिलेको नियमित गतिविधि कसरी चलिरहेको छ ?**
**लामा**: अन्य सामुदायिक वन र हाम्रो भुटनदेवी सामुदायिक वनमा अलिकति भिन्न स्थितिमा छ । अन्य सामुदायिक वनमा जुन किसिमको बोट बिरुवा छ । हाम्रो चैं बगर क्षेत्र, बालुवा भएको र माटोको अवस्था त्यति राम्रो नभएकोले गर्दा हाम्रो स्थिति अलि फरक भएको हो । हाम्रोमा २०१२ सालमा खोलामा आएको महाभेलले बगाएर ल्याएको सिसौको बिरुवाहरुबाट उम्रेको सिसौको रुखहरु ६०/७० वटाको हाराहारीमा होलान् । त्यो सबै क्षेत्रमा अहिले रामफल जुन गैंडाले खाने भएको भएर राईनो फल पनि भनिन्छ, त्यो फलको बोट भएकोले अहिले हामीले सामुदायिक वनलाई अलि भिन्न किसिमले वृक्षरोपण गरेर रुखजन्य बिरुवाहरु उत्पादन गर्ने भन्ने सम्बन्धमा हामी लागी परेका छौं । नियमित कामहरुमा चै महिनामा एकपटक हामी बैठक बसेका छौं । हामीले डेढ सय वटा बाँसहरु रोपेका छौं । त्यही बाँस बेचेर आम्दानी भएको छ । साथै न्युनतम तलब दिएर एउटा वन हेरालु राखेका छौं ।

**समाज: भुटनदेवी सामुदायिक वनको क्षेत्रफल कति छ र यसबाट लाभ हासिल गर्ने उपभोक्ताहरुको संख्या कति छ ?**
**लामा**: पहिला यसको क्षेत्रफल ७० हेक्टर थियो । खोलाले बगाएर अहिलेको अवस्थामा २८.२५ हेक्टर रहेको छ । यसबाट प्रत्यक्ष लाभ भनेको चैं हामीले काठहरु सिसौंहरु जुन किसिमले काटेको थियो त्यो फर्निचरको रुपमा र घरायसी प्रयोगका लागि हामीले उपभोक्ताहरुलाई वितरण गऱ्यौं । हामी बजारको नजिक भएको हुनाले उपभोक्ताहरु त्यति जागरुक भएर आएको अवस्था छैन ।

**समाज: धेरैजसो त्यो सामुदायिक वनमा चित्तलहरु देख्ने गरेको सुन्नमा आउँछ, चित्तल बाहेक हामी त्यो क्षेत्रमा अन्य कुन कुन वन्यजन्तु देख्न सक्छौ ?**
**लामा**: चित्तल बाहेक न्याउरी मुसाहरु छन् । बादरहरु प्रसस्तै मात्रामा छन् । त्यस्तै वन कुखुराहरु छन् । अब चराहरुमा गिद्धहरु बेलाबेलामा देख्ने गरिन्छ । हामीले संरक्षणको रुपमा चै चित्तललाई लिएका छौं । तर त्यसको पनि अहिले अत्यधिक मात्रामा शिकार बढेको छ ।

**समाज: सामुदायिक वन भित्र कि वन विज्ञान क्षेत्र भित्र सिकारीहरु आउने गरेका छन् ?**
**लामा**: हाम्रै सामुदायिक वन भित्र सिकारीहरु आउने गरेका छन् । राती भएपछि १५/१६ वटा चित्तलहरु सामुदायिक वनमा चर्न आउँछन् । पहिला बगर पट्टीबाट बाटो खोलेको थिएन । त्यसैले गाउँबाट जाँदा गाडीको आवाज सुनिन्थ्यो । अहिले बगर पट्टीको बाटोबाट सिकार गर्न जान्छन् त्यसैले गाडिको आवाज सुनिँदैन । पड्केको आवाज मात्र आउँछ ।

**समाज: अहिले तपाईहरुले भुटनदेवी सामुदायिक वनमा कस्तो खालका बोट विरुवाहरु रोप्नुभइरहेको छ ?**
**लामा**: अहिले हामीले हर्रो-बर्रो, सिमल लगायतका बोटविरुवा रोपेका छौं । गत भदौको अन्तिमतिर साबुन फ्याक्ट्रीसँग समन्वय गरी रोपेका धेरैजसो विरुवाहरु मरेका छन् । त्यसका सट्टामा हामी पुनः रोपण गर्नेछौं । पुनःरोपण गर्दाखेरि चाहिँ रुखजन्य प्रजातिका बोटहरु जस्तैः खयर, टिक, कदम, हर्रो-बर्रो लगायतका विरुवाहरु रोप्नुपर्ने आवश्यक देखेका छौं ।

**समाज: गएको भदौमा रोपेका बिरुवाहरु मर्नुको कारण के हो ? तपाईहरुले त्यहाँका भुगोल र माटोको अनुसार त्यहाँ कस्ता बोटबिरुवा उपयुक्त हुन्छ भनी जाँच नगरी रोपेर हो कि या अरु नै कारणले ?**
**लामा**: गएको भदौमा हामीले त्यहाँ रोपेका विरुवाहरु त्यहाँको भुगोल, माटो र अवस्थाको परीक्षण गरेर नै रोपेका थियौं । त्यस्ता खालका बोटबिरुवाका लागि त्यहाँका माटो र हावापानीको अवस्था एकदम उपयुक्त पनि छ । तर हामीले नै वर्षाको अन्तिम समयमा रोपेको कारणले गर्दा बोटबिरुवा मरेको थियो ।

**समाज: वन क्षेत्रको संरक्षण र प्रवर्धनमा उपभोक्ता समितिको क्रियाकलाप के के हुन्छन् ?**
**लामा**: हामीले दिनानुदिन वनको हेरचाह गर्नका लागि हामीले न्युनतम पारिश्रमिक दिएर एकजना हेरालु राखेका छौँ । वृक्षरोपण भएको क्षेत्रको हेरचाह, गोडमेल, र संरक्षणका लागि पनि हामीले एकजना राखेका छौँ । हाम्रो समुहको काम भनेको उपभोक्ताहरुलाई आवश्यक परेको बखत्मा वन संरक्षणका लागि उपस्थित हुन उत्प्रेरित गर्ने, उपभोक्तालाई आवश्यक पर्दा निःशुल्क दाउरा वितरण गर्ने जस्ता क्रियाकलापहरु गर्दै आएका छौँ ।

**समाज: भुटनदेवी सामुदायिक वन क्षेत्रबाट आयआर्जनका के क्रियकलाप गर्न सकिन्छ होला ?**
**लामा**: भुटनदेवी सामुदायिक वन क्षेत्र र सँगैको वन विज्ञान क्याम्पसको क्षेत्रमा सयौंको संख्यामा चित्तल छन् । ती चित्तलको संरक्षणसँगै त्यसलाई अवलोकन गर्न सकिने व्यवस्था मिलाउन सके पर्यटन प्रवर्द्धन र त्यसबाट आयआर्जनको कार्य गर्न सकिने सम्भावना रहेको देख्छु । यो विषयमा नगरपालिकासँग पनि कुरा गरेका छौं । वडामा हाम्रै वन समूहका पूर्वअध्यक्ष फूर्वा दोर्जे लामा अध्यक्ष हुनुहुन्छ । हामी यो कामबाट वन समूहको आयआर्जनको कुरा मात्रै नभई हेटौंडा उपमहानगर पालिकाकै आकर्षणको विषय पनि हुनेछ । नगरको पर्यटन प्रवर्द्धनमा पनि यसले सहयोग पुग्ने आशा गर्न सकिन्छ ।

## यती एयर जहाज दुर्घटना प्रारम्भिक प्रतिवेदन

# दुर्घटनाको १४ सेकेण्डअघि पाइलट कमलले लिएका थिए जहाजको कमाण्ड



काठमाडौंः पोखरामा माघ १ गते दुर्घटनामा परेको यती एयरको जहाजमा दुर्घटनाको ठीक अघि पाइलटको कमाण्ड परिवर्तन भएको पाइएको छ । दुर्घटना जाँच आयोगले बुधबार वेबसाइटमार्फत सार्वजनिक गरेको प्रारम्भिक प्रतिवेदनमा दुर्घटनाको १४ सेकेण्ड अघिमात्र पाइलट अञ्जु खतिवडाबाट कमाण्ड प्रशिक्षक पाइलट कमल केसीले लिएका थिए ।

जहाज १० बजेर ५७ मिनेट ३२ सेकेन्डमा सेती खोँचमा खसेको थियो । त्यसको १४ सेकेन्ड अगाडि को-पाइलटको सिटमा रहेका प्रशिक्षक पाइलट केसीले जहाजको कन्ट्रोल लिएको प्रतिवेदनमा देखिएको छ । त्यसबेला जहाजमा खतरा जनाउने संकेत देखिइसकेको दुर्घटना जाँच आयोगको प्रारम्भिक प्रतिवेदनमा उल्लेख छ ।

ल्याण्डिङ गियर भने सामान्य तरिकाले नै खुलेको थियो । अवतरणका दौरान पाइलट सिटमा बसेकी अञ्जुले को-पाइलटको सिटमा बसेका प्रशिक्षक पाइलट केसीसँग निरन्तर सुझाव मागेकी थिइन् । उनले जहाजलाई निरन्तर देब्रे मोड्ने कि नमोड्ने भनेर सोधेकी थिइन् । जसमा केसीले मोड्न अनुमति दिएका थिए । खतिवडाले जहाज अझै तल लैजाने वा नलैजाने भनी सोध्दा त्यसो नगरी इन्जिनको पावर बढाउन भनेका थिए ।

तर, इन्जिनमा पावर नआएको पत्तो पाएसँगै अन्तिम क्षणमा उनले जहाजको कमाण्ड प्रशिक्षक पाइलट केसीको हातमा सुम्पिएको प्रारम्भिक प्रतिवेदनमा उल्लेख छ । प्रतिवेदनमा भनिएको छ, 'यो महत्वपूर्ण छ कि पाइलट अञ्जु खतिवडा (पीएफ) ले १०:५७:१८ मा जहाजको कन्ट्रोल पाइलट कमल केसी (पीएम) लाई हस्तान्तरण गरेकी थिइन् । १०:५७:२० मा केसीले पनि इन्जिनबाट कुनै शक्ति नआएको बताए ।' त्यतिबेला जहाज जमिनदेखि ३११ फिट माथि थियो ।

दुर्घटनाका बेला जहाज धावनमार्गको बेस लेगमा थियो । अर्थात जहाज मोड्नुपर्ने अवस्थामा थियो । त्यसबेला जहाजका दुवै इन्जिनका प्रोपेलरहरु फेदरमा गएको देखिएको छ । यस अवस्थामा जहाज अगाडि बढ्न सक्दैन । जसले गर्दा जहाज सेती खोँचमा झरेको थियो । यो अवस्था आउनुमा इन्जिनकै खराबी थियो, मानवीय कमजोरी भयो वा अवतरण गर्ने मार्गमै केही समस्या थियो भन्नेबारे भने विस्तृत प्रतिवेदनले मात्र देखाउने भएको छ । दुर्घटना जाँच आयोगले अबको अनुसन्धान यी तीन विषयमा केन्द्रित हुने बताएको छ । सो दिन उही चालक दलका सदस्यको यो तेस्रो उडान थियो । जहाज भीएफआर प्रणालीबाट अवतरण गरिरहेको थियो ।

यो जहाज १०:३२ मा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट उडेको थियो । जहाज पोखरा पुगेपछि ६ हजार फिटबाट अवतरणका लागि ३११ फिटको उचाइमा ओर्लिसकेको थियो । ट्राफिक कन्ट्रोलरले जहाजलाई धावनमार्ग 'थ्री जीरो'बाट अवतरण गर्न अनुमति दिएका थिए । तर, पाइलटले उत्तरतर्फको रनवे 'वान टू'बाट जहाज अवतरण गराउने गरी अनुमति मागे । यस्तो अनुमति किन मागे भन्ने खुलेको छैन । सोही अनुसार एटीसीले अनुमति पनि दिएको थियो । तर जहाज केहीबेरमै दुर्घटनामा परेको थियो ।

यो नेपालको आन्तरिक हवाई उडानको इतिहासमै सबैभन्दा भयानक दुर्घटना थियो । जसमा ७२ जनाको मृत्यु भएको थियो । दुर्घटनालगत्तै सरकारले पूर्वसचिव नागेन्द्रप्रसाद घिमिरेको अध्यक्षतामा दुर्घटना जाँच आयोग गठन गरेको थियो । आयोगले बुधबार अन्तरिम सुरक्षा सुझावसहितको प्रारम्भिक प्रतिवेदन सार्वजनिक गरेको हो । दुर्घटनाको कारण भने विस्तृत प्रतिवेदनमा मात्र खुल्ने आयोगका एक सदस्यले जानकारी दिए ।

'अब हाम्रो अनुसन्धान कता केन्द्रित भयो भन्ने संकेत मात्र यस प्रतिवेदनले गर्छ', उनले भने, 'विस्तृत प्रतिवेदनले त्यसलाई केलाउने प्रयास गर्छ ।' यस क्रममा भग्नावशेषमा भेटिएका उपकरणहरुलाई थप अध्ययन गर्नुपर्ने समेत उनले बताए । दुर्घटना जाँच आयोगले सिंगापुरस्थित ट्रान्सपोर्ट सेफ्टी इन्भेष्टिगेसन ब्यूरोमा फ्लाइट डेटा रेकर्डर र ककपिट भ्वाइस रेकर्डर डेटा विश्लेषण गरेको थियो । आयोगका संयोजक घिमिरे, हवाई विज्ञ र सदस्यसचिव बुद्धिसागर लामिछाने सिंगापुर गएका थिए ।

फ्लाइट डेटा रेकर्डर र ककपिट भ्वाइस रेकर्डरको डेटाको विश्लेषण गर्न आयोगको नेतृत्वमा सिंगापुर, फ्रान्स, क्यानडा र आयसाका प्रतिनिधिसमेत बसेर प्राविधिक तथा मानवीय पक्षको विश्लेषण गरिएको आयोगले जनाएको छ । सो अवसरमा सिंगापुरस्थित एटीआर जहाजको सिमुलेटरमा विभिन्न फ्लाइट र प्राविधिक पक्षको थप अध्ययन समेत भएको छ । आयोगले अन्तिम प्रतिवेदन पेश गर्न समय लाग्ने भएकाले हालसम्म प्राप्त सूचना र तथ्यांकको विश्लेषण र अनुसन्धानका आधारमा हवाई सुरक्षामा थप सुरक्षा अभिवृद्धि गर्न सिफारिससहित प्रारम्भिक प्रतिवेदन ल्याएको हो ।

*स्रोतः अनलाइनखबर ।*

## *शिक्षा अनिवार्य...*

**स्थित बालजागृति बोर्डिङ स्कूलले समेत दुर्गम क्षेत्रका विद्यालयका विद्यार्थीलाई न्यानो कपडा वितरण गर्न छाडेन । जुन विद्यालयले हजारौं विद्यार्थीसँग मासिक शुल्क लिएर पढाइरहेको छ ।**

**यति कुरा बुझ्न आवश्यक छ, संघसंस्थाको सहयोग होइन, सरकारले नै निःशुल्क र अनिवार्य शिक्षा लागू गर्नुपर्छ । अनिमात्र कुनैपनि विद्यार्थी भोकै र चप्पलबिना विद्यालय धाउनु पर्दैन । म स्वयम् विद्यार्थी हुँ । कुनै विद्यार्थीलाई एकदिन वितरण गरेको शैक्षिक सामग्री र न्यानो कपडाले हेटौंडालाई शिक्षाको हब बनाउने सपना पूरा हुन सक्दैन् । वास्तवमा भन्नुपर्दा अनिवार्य र निःशुल्क शिक्षा कार्यान्वयन हुनै सक्दैन । कुनै दिन विद्यालय तहमा अध्ययन गरिरहँदा कठ्याङ्ग्रिदो जाडोमा खुट्टामा चप्पलबिना र बर्षायाममा छाताबिना मुसलधारे पानीमा रुझ्दै र कापीकिताब भिजेर घाममा सुकाएको क्षण अहिले पनि ताजै छ ।**

**विगतमा विद्यार्थीलाई बदल्न नसकेका स्थानीय तह हुन् या विभिन्न संघसंस्था अनि अहिले मुख्य समाचार बनिरहेका वितरणमुखी शिक्षा कहिलेसम्म ? साँच्चिकै वितरणमुखी शिक्षाले शैक्षिक सुधार सम्भव छ ? एकछिन् मनन् गरौं न । गुणस्तरीय शिक्षा र प्रविधिमैत्री शिक्षा भन्दै एकअर्काबीच दोषारोपण चलिरहेका छन् । कहिले अभिभावक अशिक्षित छन्, कहिले विद्यार्थी आफैं पढ्न मन गर्दैनन् त कहिले विद्यालय राम्रो छैन र पढाइ राम्रो हुँदैन भन्ने एकअर्काबीच दोषारोपण छ भनेर प्रमाणित गर्नु त नपर्ला । हुन त हो शिक्षा सुधारमा सबैको नेतृत्वदायी भूमिका समान हुन्छ । यति भन्दै गर्दा विगतको शिक्षालाई पनि नियाल्नु होला । शरीर ढाक्ने कपडा र चप्पल नदिएपनि विद्यार्थी पढिरहेका नै थिए । शैक्षिक सामग्री विद्यालयबाट नै उपलब्ध हुन्थे । तर कहाँबाट आयो ? किन दियो भन्ने कुरा थाहाचाहिँ हुँदैन थियो । त्यो बुझ्न विद्यार्थीलाई आवश्यकता पनि थिएन । प्रष्ट छ कि, स्नातक तह पहिलो वर्षमा अध्ययन गरिरहँदा त्यो निःशुल्क शिक्षा र अनिवार्य शिक्षालाई कार्यान्वयनमा ल्याउने सरकार नै थिए । अहिले त्यो कार्यान्वयन हुन सकेको छैन । विगतको पल कक्षा १ मा भर्ना भएर पढिरहँदा खेल्नलाई साथीसाथीबीच डोरी तानातान हुन्थे । फुटबल र बास्केटबलको कमी थिएन । पढ्नलाई निःशुल्क किताब र कापी विद्यार्थीलाई कमी थिएन । विगतमा कति विद्यार्थी बीचैमा पढाइ छाड्छन् भन्ने यकिन भएन । किनकि सूचनाको पहुँच कम थियो ।**

**यसरी अनिवार्य र निःशुल्क शिक्षाले गति लिँदै थियो । बीचमा कसरी विद्यालय गएर पढ्नका लागि पैसा हुनुपर्छ भनेर नीति लिइयो ? कसले कहिले बनायो त्यो पनि यकिन छैन । किनकि सानै उमेर, त्यसमा सूचनाको पहुँच कम भएकाले होला त्यो जानकार भएन । जुन बहसको विषय बन्न जरुरी देखिन्छ । संस्थागत विद्यालयमा अध्ययन गरे अतिरिक्त क्रियाकलापका लागि पनि शुल्क तिर्न बाध्य छन् । केही वर्ष भयो, सामुदायिक विद्यालयले समेत अँग्रेजी माध्यमको नाममा मासिक शुल्क लिन थाल्यो । त्यसविरुद्ध बिरोध भएन, तर न्यानो कपडा वितरणका लागि विभिन्न संघसंस्थाहरु विद्यालय धाइरहे । यसलाई निरन्तरता दिन होइन एक वर्षमा एक दिनका लागि मात्र हुन् । मनन् गरौं यसले शैक्षिक सुधार हुन सम्भव छैन ।**

**१० वर्षअघि शुक्रबार आएपछि अतिरिक्त क्रियाकलाप भनेपछि विद्यार्थी हुरुक्कै हुन्थे । अहिले स्थानीय तहले पुरस्कार तोकेपनि सामुदायिक विद्यालयका विद्यार्थीको सहभागिता त्यति देखिन्न । यसबाट प्रष्ट हुन्छ, शिक्षा कुनरुपमा अघि बढिरहेको छ । के साँच्चिकै सरकारले शिक्षालाई अनिवार्य र निःशुल्क बनाउन सक्दैनन् ? कतिको सम्भव छ ? विगतमा शिक्षा निःशुल्क र अनिवार्य थिएन भन्नेका लागि पाना पल्टाउन आतुर छु म । कहिलेसम्म निःशुल्क र अनिवार्य शिक्षाको नाममा विभिन्न सघसंस्थाबाट विद्यार्थीले पोशाक लिनुपर्ने । सरकारले लज्जाबोध गर्नु पर्दैन ?, विगतमा लागू भइसकेका अनिवार्य र निःशुल्क शिक्षालाई बीचमा मिज्दा । यस्तै, विगत १० वर्षअघि विद्यालयमै खाजाको व्यवस्था थियो । अहिले आएर हामीले खाजा खुवाउने वातावरण निर्माण गरेका छौं भन्दा हाँसो उठ्छ ।**

**विगतमा शिक्षालाई अनिवार्य र निःशुल्क बनाउन प्रयत्न भएका होइन र ? हुनसक्छ शिक्षालाई गुणस्तरीय बनाउन वितरणमुखी शिक्षा खाँचो छ । खाँचो छ भन्दैमा भविष्यका कर्णधार बालबालिकालाई लज्जाबोध हुने गरी प्रचार गर्नु जरुरी छ र ? जुन कुनै नौलो विषय नै होइन । बीचमा सरकारले लागू गरिएका यस्ता कार्यक्रम किन रोकियो ? चासो बन्नुपर्ने होइन् र ? वर्तमान परिवेशमा बिना पूर्वाधार यसको कार्यान्वयनमा जटिलता र चुनौतीहरु पनि त्यत्तिकै देखिएका छन् । यसले गर्दा हेटौंडाकै नगर प्रमुखले कतिवर्षसम्ममा बागमती प्रदेशको राजधानी हेटौंडालाई शैक्षिक हब बनाउन सकिन्छ ? निःशुल्क र अनिवार्य शिक्षा कार्यान्वयनमा ल्याउन सकिन्छ भन्ने कुरा भावी दिनले बताउनेछन् ।**

# बालेन शाहसँग तत्काल जरिवाना नअसुल्न सर्वोच्चको अन्तरिम आदेश

काठमाडौंः सर्वोच्च अदालतले निर्वाचन खर्च विवरण समयमा नबुझाएको आधारमा काठमाडौं महानगरपालिकाका मेयर बालेन शाहसँग तत्काल जरिवाना नलिन अन्तरिम आदेश जारी गरेको छ । शाहले निर्वाचन आयोगविरुद्ध दायर गरेको रिटमा सुनुवाई गर्दै बुधबार कामू प्रधानन्यायाधीश हरिकृष्ण कार्की, न्यायाधीशहरु विश्वम्भरप्रसाद श्रेष्ठ, डा. आनन्दमोहन भट्टराई, अनिलकुमार सिन्हा र प्रकाशमान सिंह राउतको संवैधानिक इजलासले तत्काल जरिवाना नअसुल्न अन्तरिम आदेश दिएको हो ।

तोकिएको समयमा निर्वाचनको खर्च विवरण नबुझाउनेहरुले जरिवाना बुझाउनुपर्ने भनी निर्वाचन आयोगले गरेको निर्णयलाई सर्वोच्च अदालतले अन्तरिम आदेशमार्फत रोक लगाएको अधिवक्ता ओमप्रकाश अर्यालले जानकारी दिए । 'उहाँ (बालेन शाह) को हकमा सर्वोच्च अदालतले तत्काल जरिवाना बुझाउनु नपर्ने भनी अन्तरिम आदेश दिएको हो', अधिवक्ता ओमप्रकाश अर्यालले भने, 'आदेशको व्यहोरा हेर्न पाइएको छैन, हामीले अरुको हकमा पनि जरिवाना बुझाउनुनपर्ने आदेश मागेका हौं । आदेशमा के व्यहोरा आउछ, थाह छैन ।'

निर्वाचन आयोगले गत भदौं ३१ गते एक लाख २३ हजार ६२४ स्थानीय तहका उम्मेदवारले समयमा खर्च विवरण नबुझाएको भन्दै जरिवाना तोकेको थियो । जरिवानामा परेकामध्ये करिव १७ हजार जना निर्वाचित जनप्रतिनिधि छन् । उनीहरुले आगामी ३० फागुनभित्र जरिवाना बुझाउनुपर्ने थियो । जरिवाना नतिरे पदमुक्त हुने कानुनी व्यवस्था छ ।

निर्वाचन आयोगले जरिवाना निर्धारण गरेपछि त्यसका विरुद्ध मेयर बालेन शाह सर्वोच्च गएका थिए । तर स्थानीय तहको जनप्रतिनिधिहरुको संगठन गाउँपालिका महासंघ र नेपाल नगरपालिका संघले संस्थागत निर्णय गर ेर जरिवाना मिनाहा गराउन राजनीतिक पहल गरेका छन् । उनीहरुकै माग अनुसार गृह मन्त्रालयले तयार पारेको प्रस्ताव परामर्शका लागि अर्थमन्त्रालय र महान्यायाधिवक्ता कार्यालयमा पुगेका बेला सर्वोच्च अदालतले शाहको मुद्दामा अन्तरिम आदेश दिएको हो ।

निर्वाचन आयोगले खर्च विवरण नबुझाउने उम्मेदवारहरुलाई प्रचारप्रसार गर्न पाउने अधिकतम रकम बराबर जरिवाना तोकेको हो ।

*स्रोतः अनलाइनखबर ।*

### राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता

# राक्सिराङमा सूर्योदय माविलाई उपाधि



*पुरस्कार वितरण गरिँदै ।*

समाज संवाददाता

हेटौंडाः मकवानपुरको राक्सिराङ गाउँपालिकामा आयोजना भएको पालिकास्तरीय राष्ट्रपति रनिशिल्डको उपाधी आयोजक सूर्योदय माविले जितेको छ । बुधबार सम्पन्न प्रतियोगितामा १३ स्वर्ण र ८ रजतसहित सूर्योदयले उपाधी जितेको विद्यालयका प्रधानाध्यापक सिताराम सुवेदीले जानकारी दिनुभयो ।

मंगलबार र बुधबार दुई दिन आयोजना गरिएको प्रतियोगितामा प्रजा आधारभुत विद्यालय ३ स्वर्ण र ५ कास्यसहित दोस्रो भएको छ। ३ स्वर्ण र ३ रजतसहित कालिका मावि तृतीय भएको छ । प्रतियोगितामा पालिकाभित्रका ५ विद्यालयको सहभागिता रहेको थियो । सूर्योदय मावि व्यवस्थापन समितिका अध्यक्ष ओमकार घलानको सभाध्यक्ष तथा गाउँपालिकाका अध्यक्ष राजकुमार मल्लको प्रमुख आतिथ्यमा भएको पुरस्कार वितरण कार्यक्रममा गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत देवचन्द्र गड्तौला लगायतको उपस्थिति रहेको थियो ।

# हेटौंडाका सुजल फ्रेण्डस् क्लबमा अनुबन्ध



*अन्जन विष्टको साथमा सुजल ।*

समाज संवाददाता

हेटौंडाः हेटौंडा–७, नागस्वती निवासी सुजल श्रेष्ठ 'ए' डिभिजन फुटबल क्लब फ्रेण्डस् क्लबमा अनुबन्ध भएका छन् । अगामी फागुन १९ गतेबाट सुरु हुने शहीद स्मारक 'ए' डिभिजन लिग फुटबल प्रतियोगिताका लागि हेटौंडाका श्रेष्ठ फ्रेण्डस्मा आबद्ध भएका हुन् ।

श्रेष्ठ शहीद स्मारक 'ए' डिभिजन लिग फुटबल प्रतियोगिताको अवधिभर फ्रेण्डस् क्लबमा आबद्ध भएका हुन् । उनले नेपाली राष्ट्रिय फुटबल टोलीका खेलाडी अन्जन बिष्टसँगै मनाङ मर्स्याङ्दी क्लबमा आबद्ध भएरसमेत खेलेका छन् । उनले झापामा भएको दमक गोल्डकप, बागमती गोल्डकप, मकवानपुर गोल्डकपमा समेत खेलेका छन् ।

# आज रक्तदान हुँदै

समाज संवाददाता

हेटौंडाः आज बिहीबार हेटौंडामा वृहत रक्तदान कार्यक्रम हुँदैछ । बिन्दवासिनी मिडिया प्रालिद्वारा सञ्चालित रेडियो थाहासञ्चार ९९.६ मेघाहर्ज हेटौंडाले वार्षिक उत्सवको अवसरमा बिहीबार रक्तदान कार्यक्रम गर्न लागेको हो ।

साताव्यापी कार्यक्रमअन्तर्गत् रेडियोले १५ वर्ष पूरा गरेको अवसरमा विगत वर्षहरुमा जस्तै यस वर्ष पनि रेडियो प्राङ्गणमा रक्तदान कार्यक्रमको आयोजना गरेको रेडियोका स्टेशन म्यानेजर गोकुल अधिकारीले बताउनुभयो । सप्ताहव्यापी कार्यक्रमको पहिलो दिन सोमबार हेटौंडा–४ स्थित अजरअमररोड तथा रेडियो थाहसञ्चार परिसरमा सरसफाई गरिएको छ । अन्तिम दिन आगामी फागुन ७ गते पुरस्कार तथा प्रमाणपत्र वितरण र थाहा वर्ष सम्मान गरी कार्यक्रम समापन गरिने उहाँले बताउनुभयो ।


## हेटौंडा रिफरेन्स ल्यावरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५० प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।

थप जानकारीको लागि HRL

हेटौंडा रिफरेन्स ल्यावरोटरी,

हेटौंडा–१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७–५२०४५७


# हाँडीखोलामा एड्भान्स सिलाई तालिम

समाज संवाददाता

हेटौंडाः रोटरी क्लब अफ हेटौंडाले महिलाहरुलाई आत्मनिर्भर बनाउने कार्यक्रम अन्तर्गत सिलाइ–कटाइको एडभान्स तालिमको थालनी गरेको छ । बुधबारबाट सुरु तालिममा २५ जना प्रशिक्षार्थी सहभागी छन् । क्लबले गतवर्ष जिल्लाका विभिन्न ४ स्थानमा एकसय जनालाई ३ महिने आधारभूत तालिम प्रदान गरेको थियो । उक्त तालिमबाट लाभान्वितहरुलाई दक्ष बनाई लेभल २ सरहको मान्यता पाउने गरी पाठ्यक्रम लागू गरिने कार्यक्रम संयोजक अर्जुन सुवेदीले बताउनु भयो ।

मनहरी–३ का अध्यक्ष अनन्त प्रकाश अर्याल र नेपाल व्यावसायिक योग्यता प्रणाली परियोजनाका प्राविधिक संयोजक रामप्रसाद सापकोटाले संयुक्त रुपमा तालिमको उद्घाटन गर्नुभयो । क्लब अध्यक्ष सुयशराज पराजुलीको सभाध्यक्षतामा भएको उद्घाटन कार्यक्रममा वडा अध्यक्ष अर्यालले रोटरी क्लब अफ हेटौंडाको कामहरुको प्रशंसा गर्दै सहयोग र सहकार्यका लागि आफू सदैव तत्पर रहेको बताउनु भयो । कार्यक्रममा प्राविधिक संयोजक रामप्रसाद सापकोटाले व्यावसायिक सीपको योग्यता परीक्षण, प्रमाणीकरणका लागि भएका प्रावधानहरु बारे प्रकाश पार्दै सेवा प्रवाह र गुणस्तरमा विशेष ध्यान दिन अनुरोध गर्नु भयो ।

स्थानीयस्तरमा काममा निपूर्ण व्यक्तिहरुले पनि सीप परीक्षण गराई शैक्षिक मान्यता लिन सक्ने बारे पनि सापकोटाले अवगत गराउनु भएको थियो । दश वर्षदेखि रोटरी क्लब हेटौंडाले समूहमा आधारित बिना धितो, बिना व्याजको लघु कर्जा कार्यक्रम मार्फत महिलाहरुको आयआर्जनमा सहयोग गर्दै आएको छ । सोही समूहका सदस्यहरुलाई तालिममा विशेष प्राथमिकता दिइएको छ भने कार्यक्रममा समावेश भएको परिवारबाट वार्षिक ५ जना विद्यार्थीलाई उच्च शिक्षामा छात्रवृत्ति प्रदान गर्दै आएको छ ।

# मोटरसाइकल आपसमा ठोक्किँदा ३ जना घाइते

समाज संवाददाता

हेटौंडाः हेटौंडा उपनगरपालिका–७, नागस्वतीमा सवारी दुर्घटना हुँदा ३ जना घाइते भएका छन् । नागस्वतीको भित्री सडक खण्डमा हरियाली टोलबाट पशुपतिनगर जाँदै गरेको प्रदेश २०३००१ प ५२५८ नम्बरको मोटरसाइकल र विपरित दिशाबाट आउँदै गरेको बा ४२ प २२२२ नम्बरको मोटरसाइकल एक–आपसमा ठोक्किँदा ३ जना घाइते भएको प्रहरी कार्यालय हरियालीले जानकारी दिएको छ ।

घाइते हुनेमा प्रदेश २०३००१ प ५२५८ नम्बरको मोटरसाइकल चालक हेटौंडा–७, कमाने बस्ने २५ वर्षीय प्रशान्त खड्का र उक्त मोटरसाइकलको पछाडि सवार हेटौंडा–१९, बस्तीपुर बस्ने २० वर्षीय मनिष कँडेल रहेका छन् । विपरित दिशाबाट आउँदै गरेको बा ४२ प २२२२ नम्बरको मोटरसाइकल चालक हेटौंडा–६, रामनगर बस्ने ४५ वर्षीय राजेश राई रहेको प्रहरीले जानकारी दिएको छ । खड्का र कँडेलको अवस्था सामान्य रहेको र राईको अवस्था मध्यम रहेको प्रहरीले जानकारी दिएको छ । घाइते तीनै जनालाई उपचारका लागि हेटौंडा अस्पताल पठाइएको प्रहरीले जनाएको छ । दुबै मोटरसाइकल प्रहरीले नियन्त्रणमा लिई घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जानकारी दिएको छ ।

# मोटरसाइकल दुर्घटनामा एक जना घाइते

समाज संवाददाता

हेटौंडाः भीमफेदी गाउँपालिका–१, खोप्लाङमा सवारी दुर्घटना हुँदा एकजना घाइते भएका छन् । त्रिभुवन राजपथको भैंसे–हेटौंडा सडकखण्डमा भैंसेबाट हेटौंडातर्फ आउँदै गरेको बागमती प्रदेश ०३००४ प १५८७ नम्बरको मोटरसाइकल आफैं अनियन्त्रित भई सडकमा पल्टिँदा मोटरसाइकल चालक घाइते भएका हुन् ।

घाइते हुनेमा मकवानपुर जिल्ला हेटौंडा–१२, सिक्रेनी बस्ने ३२ वर्षीय विकल सापकोटा रहेको प्रहरी चौकी भैंसेले जानकारी दिएको छ । सापकोटाको अवस्था मध्यम रहेको र उपचारका लागि हेटौंडा अस्पताल पठाइएको प्रहरीले जानकारी दिएको छ । मोटरसाइकल नियन्त्रणमा लिई घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जानकारी दिएको छ ।


बालबालिकालाई मैत्रीपूर्ण वातावरणमा पढ्न, लेख्न सिकाउन अभिभावक जिम्मेवार बनौं ।





# मानसिक स्वास्थ्यसम्बन्धी तालिम सुरु

समाज संवाददाता

हेटौंडाः हेटौंडामा महिला तथा बालबालिकाका लागि मानसिक स्वास्थ्यसम्बन्धी तालिम सुरु भएको छ । महिला तथा बालबालिका सरोकार केन्द्रको आयोजनामा मंगलबारबाट तालिम सुरु भएको हो ।

तालिममा मकवानपुरको हेटौंडा उपमहानगरपापलिका, राक्सिराङ, कैलाश, मनहरी र बकैया गाउँपालिकाका महिला तथा बालबालिकाहरुको सहभागिता छ । तालिममा सहभागीलाई डा. अरुणा कार्कीले प्रशिक्षण दिइरहनुभएको छ ।

तालिमको दोस्रो दिन बुधबार पत्रकारसँग अन्तरक्रिया गरिएको छ । अन्तरक्रियामा बोल्नुहुँदै डा. कार्कीले अहिले विश्वमा गरिब र विकसित राष्ट्रमा आत्महत्याको घट्ना बढिरहेको बताउनुभयो । नेपालमा दैनिक सरदर २ जना किशोरीहरुले आत्महत्या गर्ने गरेको उहाँले बताउनुभयो ।

किशोरको तुलनामा किशोरीहरुले नै बढी आत्यहत्या गर्ने गरेको उहाँले बताउनुभयो । मानसिक रोगबाट शिक्षित व्यक्ति र विद्वानहरु पनि पीडित हुने गरेको उहाँले बताउनुभयो । किशोरावस्था सुरु भएसँगै मानसिक समस्याहरु देखा पर्नसक्ने उहाँले बताउनुभयो । घरपरिवारको अभिभावकले यस्तो अवस्थामा परिवारको चासो राख्नुपर्ने र सकारात्मक कुरा गर्नुपर्ने उहाँले बताउनुभयो ।

अन्तरक्रियामा पत्रकार सुरेश श्रेष्ठले मानसिक स्वास्थ्य कायम गर्नुपर्ने बताउनुभएको छ । फुर्सदको समयमा प्रेरणदायी पुस्तकहरु अध्ययन गर्नुपर्ने र समाजमा घुलमिल हुनुपर्ने उहाँको भनाई छ । बालबालिकाका लागि घरमा अभिभावकले समय दिनुपर्ने उहाँले बताउनुभयो । उहाँले आफ्नो गाउँघरमा केही समस्याहरु देखेमा नजिकको प्रहरी कार्यालय, जनप्रतिनिधि र पत्रकारलाई सम्पर्क गर्न सुझाव दिनुभएको छ । तालिम शुक्रबारसम्म चल्नेछ ।

# सावित्राको दुई गोलमा नेपालले भारतलाई रोक्यो

काठमाडौंः फरवार्ड सावित्रा भण्डारीले २ मिनेटको अन्तरमा दुई गोल गरेपछि नेपाली महिला राष्ट्रिय फुटबल टोलीले भारतविरुद्ध रोमान्चक बराबरी खेलेको छ । चेन्नईमा भएको खेलमा नेपाल २-० ले पछि परेको अवस्थाबाट सावित्राको गोलमा घरेलु टोलीलाई २-२ को बराबरी निकाल्न सफल रहयो ।

पहिलो हाफमा नेपालले गोल गर्ने थुप्रै अवसर पाएपनि त्यसको सदुपयोग गर्न सकेन । दोस्रो हाफमा भारतले तीन खेलाडी परिवर्तन गर्दै नेपाललाई दबाबमा राख्यो । त्यसपछि १२ मिनेटको अन्तरमा दुई गोल गरेको भारत सहज जिततर्फ उन्मुख थियो । तर सावित्रा भण्डारीले २ मिनेटको अन्तरमा दुई गोल गर्दै नेपाललाई बराबरीसम ल्याएकी थिइन् ।

खेलको चौथो मिनेटमै भारतकी सन्ध्या रंगनाथनको प्रहारमा गोलरक्षक बिट भएपनि उक्त प्रहारले पोस्टको दिशा लिन सकेन । दशौं मिनेटमा नेपालकी रश्मीकुमारी घिसिङको प्रहारलाई गोलरक्षक अदिति चौहानले विफल पारिन् । उक्त बचाउ गर्ने क्रममा चोट बोकेपछि अदितिको स्थानमा इलाङबाम चानु मैदान छिरेकी थिइन् ।

३४ औं मिनेटमा भारतले अग्रता लिने सुवर्ण अवसर गुमायो । बाला देवीले बल अघि बढाउँदा गोलरक्षक एन्जिला पेनाल्टी क्षेत्र बाहिर निस्केर बिट हुँदा गीता रानाले बल खोस्दै खाली पोस्टमा गोल गर्नबाट जोगाएकी थिइन् । लगत्तै अर्को तर्फ सावित्राको प्रहार पोस्टभन्दा थोरै परबाट बाहिरियो । ६८ औं मिनेटमा इन्दुमथी कासीरेथानले भारतको अग्रता दोब्बर पारिन् । कार्थिकाको पासमा नेपाली डिफेन्स बिट हुँदा इन्दुमथीले सहजै गोल गरिन् ।

८८ औं मिनेटमा नेपालले खेलमा फर्कने अवसर पायो । स्विटी देवीले पेनाल्टी क्षेत्रभित्र ह्यान्ड गरेपछि नेपालले पेनाल्टी पाएको थियो । सावित्राले पेनाल्टीमा सहजै गोल गर्दै स्कोर २-१ को स्थितिमा ल्याइन् । लगत्तै भारतीय डिफेन्सको कमजोरीको भरपुर फाइदा उठाउँदै सावित्रा भण्डारीले वन भर्सेस वनमा सुन्दर गोल गरिन् । इन्ज्युरी समयमा प्रिती राइको प्रहार पोस्टभन्दा माथिबाट जाँदा नेपाल अप्रत्याशित जितबाट बन्चित भएको थियो । नेपालले अब दोस्रो मैत्रीपूर्ण खेल शनिबार खेल्नेछ । प्रशिक्षक अनन्त थापाले दुई मैत्रीपूर्ण खेलका लागि २३ खेलाडीको टोली घोषणा गरेका थिए । स्रोतः हाम्रो खेलकुद ।


## प्रजातन्त्र दिवस भव्य रुपमा मनाऔं

- प्रजातन्त्रको मूल मर्म मानवअधिकार र विधिको शासन हो।
- आवधिक निर्वाचन प्रजातन्त्रका लागि महत्वपूर्ण हुन्छ।
- शक्ति पृथकीकरण तथा नियन्त्रण र सन्तुलन प्रजातन्त्रको आधार हो।
- मेलमिलाप र शान्तिबाटै प्रजातन्त्र अघि बढाउन सकिन्छ।

त्यसैले,

प्रजातान्त्रिक आचरण, सँस्कार र व्यवहारको अवलम्बन गरौं ।

**७३ औं राष्ट्रिय प्रजातन्त्र दिवस भव्यरुपमा मनाऔं**

नेपाल सरकार

विज्ञापन बोर्ड


समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ